अनुसुची – २

( दफा ४ तथा अनुसुची – १ को भाग – १ सँग सम्बन्धित )

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र

दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

| | | |
|---|---|---|
| खण्ड ख | संख्या ०१ | मिति २०८२।०२।०९ |

**भाग – १**

**दुर्गाथली गाउँपालिका**

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति विस्तृत कार्य योजना, २०८२

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

## विस्तृत कार्य योजना, २०८२




## दुर्गाथली गाउँपालिका, बझाङ

## सुदूरपश्चिम प्रदेश

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा
गा.पा. अध्यक्ष

# विषय-सुची


१. पृष्ठभूमि: ........................................................................................................3

५१. १. अन्तराष्ट्रिय प्रावधान:........................................................................................3

१. २. राष्ट्रिय प्रावधान: ...............................................................................................3

२. कार्य योजनाको आवश्यकता: ..................................................................................4

३. कार्य योजनाको उदेश्य: .........................................................................................4

४. कार्य योजनाको बिधि र प्रकृया : ..............................................................................5

५.सरोकारवालाको नस्काङ्कन: .....................................................................................5

५.१. सरोकारवालाको नामावली र मुख्य भुमिका.................................................................5

५.२. लैससासको क्षेत्रमा कार्यरत संघ संस्था : ..................................................................7

६. स्थानिय सरकारको बजेट बिनियोजनको अवस्था: .......................................................8

६. १. आ.ब. २०८०/ ८१ को बजेट मध्ये महिला तथा बालबालिका शाखा र लैससासको लागि विनियोजित गरिएको बजेट: ...................8

६. २. आ.ब. २०८०/ ८१मा वडाले महिला तथा लक्षित वर्गको लागि विनियोजित रकम तथा प्रतिशत: ..........................8

७. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० को विस्तृत कार्य योजना :..............................8

८ . लैससास कार्यान्वयन बिस्तृत कार्य योजना र वार्षिक योजनाको सम्बन्ध: .....................................27

९ . विस्तृत कार्ययोजना अनुगमन संयन्त्र तथा प्रतिक्रिया: ...............................................27

१०. निष्कर्ष: ..........................................................................................................27


दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी,बझाङ सुदूरपश्चिम प्रदेश,नेपाल

दिल बहादुर थापा
गा.पा.अध्यक्ष

१. पृष्ठभूमि:

## ५१. १. अन्तराष्ट्रिय प्रावधान:

संयुक्त राष्ट्रसंघमा सन् १९४६ मा स्थापना भएको महिलाको स्थितिसम्बन्धी आयोग (Commission on the Status of Women) ले विश्वव्यापीरुपमा महिलाको स्थिति अध्ययन गर्ने निर्णय गऱ्यो । जसका लागि विश्व महिला सम्मेलन आयोजना गर्ने नीतिअनुसार पहिलो विश्व महिला सम्मेलन मेक्सिकोमा सन् १९७५ मा सम्पन्न भयो । सम्मेलनले सहभागी प्रत्येक राष्ट्रले नारी विकास कार्य–योजना संचालन गर्न आ–आफ्नो देशको आवश्यकता र मागका आधारमा राष्ट्रिय कार्ययोजना तर्जुमा गरी योजनावद्धरुपमा सरकारी तथा गैरसकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने निर्णय गरेको थियो । क्रमैसंग कोपनहेगनमा सन् १९८०मा दोस्रो विश्व महिला सम्मेलनले महिला सञ्जालको आवश्यकता महसुस गऱ्यो भने नैरोबिमा सन् १९८५ सम्पन्न भएको तेस्रो विश्व महिला सम्मेलनले महिलालाई विकासको मूलधारमा समावेश गर्ने निर्णय गऱ्यो । सन् १९९५ मा बेजिङ्गमा सम्पन्न भएको चौंथो महिला सम्मेलनले विश्वमा भईरहेको महिला आन्दोलनलाई सम्मेलनले निकै ठूलो सहयोग गऱ्यो । जुन सम्मेलनमा सहभागी नेपालसहित १९८ देशले महिलालाई निर्णायक तहमा उपस्थिति गराउने र हिंसामुक्त समाज निर्माण गर्ने लगायतका मुद्दामा प्रतिवद्धता जनाएका थिए ।

महिला विरूध्दका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी (Convention on the Elimination of All Forms of Discrimination against Women) CEDAW, १९७९ मा संयुक्त राष्ट्रसंघको माहासभाबाट पारित भएपनि सन् १९८१ देखि कार्यान्वियन गरिएको छ यो महासन्धीले पक्ष राष्ट्रलाई जुनसुकै क्षेत्रमा महिला प्रतिको भेदभाव हटाउन र महिलालाई पुरूषसंगै समानताका आधारमा आफ्नो मानवीय अधिकार तथा नैसर्गिक स्वतन्त्रताको उपयोग गर्ने प्रत्याभूति दिन उपयुक्त कदम चाल्न दवाव दिएको छ ।

सयुक्त राष्ट्रसंघले सन् १९९४ मा जनसंख्या विकास सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनको आयोजना गरी जनसङ्ख्या, विकास र प्रजनन् स्वास्थ्यसंग सम्बन्धित मुद्धाहरूमा अन्तराष्ट्रिय सहमति गरेको थियो । जसको उदेश्य प्रजनन् स्वास्थय र अधिकारको प्रवर्धन, महिला समानता र सशक्तीकरण, जनसंख्या विकास र दिगो विकासवीचको सन्तुलन, बाल अधिकारको संरक्षण र प्रवासि जनसंख्याका मुद्धा रहेका छन् । यो सम्मेलने जनसंख्या सम्बन्धि नितिमा ठूलो प्रभाव पार्दे विश्वभर लैङ्गिक समानता, महिला सशक्तीकरण र स्वास्थ्य सेवामा सुधार ल्याउन योगदान पुर्याएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय सम्मेलनमार्फत अनुमोदन गरेको दिगो विकासको एजेण्डा सन् २०१६ को जनवरीदेखि औपचारिक रुपमा लागु भएको छ । दिगो विकास एजेण्डाको १७ लक्ष्यमार्फत सन् २०३० सम्ममा गरिबी अन्त्यगर्ने, पृथ्वीको संरक्षण गर्ने र सबैको समृद्धि सुनिश्चित गर्ने लगायतका प्रतिबद्धता जाहेर गरिएको छ । "कसैलाई पनि नछोड्ने" ध्येय लिएको दिगो विकासको लक्ष १ - शून्य गरिबी, लक्ष २- भोकमरीको अन्त्य, लक्ष ५ - लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने, लक्षय ८ - मर्यादित काम तथा आर्थिक बृध्दि र लक्ष १० ले असमानताको न्यूनीकरणसंग संबन्धित छन् ।

यी बाहेक संयुक्त राष्ट्रसंघले मानव अधिकार सम्बन्धि धोषणा पत्र १९४८, बालअधिकारको धोषणा पत्र १९५९ जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धि अन्तराष्ट्रिय महासन्धि १९६५ । साथै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि २००६, समान कामका लागि समान पारिश्रमिक सम्बन्धी महासन्धि १९५१ (आईएलओ महासन्धि १००) र रोजगार तथा व्यवसायमा हुने विभेद सम्बन्धी महासन्धि १९५८ (आईएलओ महासन्धि १११) , अन्तर्राष्ट्रिय श्रम सम्मेलनबाट जारी हिंसा र दुर्व्यवहार सम्बन्धी महासन्धि, २०१९ (सि १९०) को व्यवस्था समेतलाई आत्मसात गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति प्रतिबध्दता जाहेर गरेको छ ।

## १. २. राष्ट्रिय प्रावधान:

नेपालको संविधान २०७२ ले समानुपातिक समावेशी र सहभागितामूलक सिध्दान्त अनुरूप विभेदरहित, समृध्द र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ । मौलिक हक अन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूत गरेको छ भने समानताको हक बमोजिम सबै नागरिक कानूनको दृष्टिकोण समान हुनेछन्,कसैलाई पनि कानूनको समान संरक्षणबाट वंचित गरिने छैन , राज्यले नागरीकहरूका बीच धर्म, वर्ण, जात, जाति,लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्ता अन्य कुनै आधारमा भेदभाव गरिने छैन, समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन र पैत्रिक सम्पत्तिमा सबै सन्तानको समान हक हुनेछ, कुनै पनि व्यक्तिलाई निजको उत्पति,जात, जाती,समुदाय, पेशा व्यवसाय वा शारीरिक अवस्थाको कुनै पनि निजी तथा सार्वजनिक स्थानमा, कार्यस्थलमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गर्न पाईने छैन , प्रत्येक

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी,बाजुरा सुदूरपश्चिम प्रदेश,नेपाल

दिल बहादुर थापा गा.पा.अध्यक्ष

महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धित हक हुनेछ र प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भनी उल्लेख गरेको छ।

स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारको काम कर्तव्य र अधिकार अन्तर्गत आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना,परियोजना तर्जुमा र कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्ने, लक्षित समूह सम्बन्धि स्थानीय योजना,कार्यक्रम स्रोत परिचालन र व्यवस्थापन गर्ने जिम्मा दिएको छ साथै योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई ध्यानमा राख्नुपर्नेछ भने वडा समितिको काम कर्तव्य अन्तर्गत आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति,जेष्ठ नागरिक ,अल्पसंख्यक , सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने। समाजमा व्याप्त कुरूती, कुप्रथा र अन्धविश्वास अन्त्य गराउने रहेका छन्।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ र नीति कार्यान्वयन कार्य योजना को कार्यान्वयन सँगै लैङ्गिक समानताको क्षेत्रमा प्राप्त उपलब्धीलाई संस्थागत गर्दै सारभूत लैङ्गिक समानताको स्थापनारार्थ राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पध्दतिलाई जोड दिंदै आएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारका नीति तथा कार्यक्रममा लैंङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गरएिको छ भने शुदूरपश्चिम प्रदेशले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति ,२०८२ लाई कार्यान्वियनमा ल्याई सकेको छ।

आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्ने उदेश्य सहित सोहौं योजना कार्यान्वयनमा आएको छ। साथै अर्थतन्त्रको संरचनागत रूपान्तरण मार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र सम्बृध्दि हासिल गर्नु योजनाले अबलम्बन गरेको मुख्य रणनीति रहेको छ। सोहौं योजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई रूपान्तरणको प्रमुख क्षेत्रको रूपमा अवलम्वन गरेको छ। योजनाले लैङ्गिक विकास सूचकाङ्क हालको ०.८८५ बाट योजनाको अन्त सम्ममा ०.९६७ , लैङ्गिक असमानता सूचकाङ्क ०.४९५ बाट ०.२२५ र रोजगारीमा महिला र पुरूषको सहभागिताको अनुपात १:१.७ बाट १:१.२ र महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेको परिवार प्रतिशत २३ .८ बाट ३५.० , सामाजिक सशक्तिकरण सूचकाङ्क ०.५८ बाट ० .६५, हिंसा पीडित महिलाकोको प्रतिशत २३.४ बाट २०.०, सार्वजनिक सेवामा महिला प्रतिनिधित्व को प्रतिशत २९ .५ बाट ५ , श्रम शक्तिमा महिलाको श्रम सहभागिता दरको प्रतिशत २६.३ बाट ३५ , सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिताको प्रतिशत १३.७ बाट २० जस्ता परिणात्मक लक्ष अवलम्वन गरेको छ। यी सबै लक्ष प्राप्तिको लागि विभिन्न रूपान्तरकारी रणनीति र कार्यक्रमको तर्जुमा गरेको छ।

## २. कार्य योजनाको आवश्यकता:

दिगो विकासका लक्ष्यको कार्यान्वियनको जिम्मेवारी प्रायजसो प्रादेशिक र स्थानीय सरकारमा पर्ने र विकासका लक्षको स्थानीयकरण गर्न र विकासको प्रतिफल बाडँफाँडमा "कसैलाई पनि पछि पारिने छैन "भन्ने सिध्दान्तमा आधारित र विकासको परिणाम समतामूलक बनाउन आवश्यक छ। यसको लागि पनि स्थानीय सरकारलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण विस्तृत कार्य योजनाको आवश्यकता पर्दछ।

लामो समयदेखि जाति,वर्ग, लिङ्गको आधारमा समाज विभाजित छ। नागरिक यस्ता विभिन्न विषयका कारण समान रूपले देशको विकासमा मूलप्रवाह हुन सकेको छैन। देशको हरेक तह र तप्कामा नागरिक माथि विभेद भई रहेको छ। पद,पहुँच र क्षमतावान व्यक्तिले समाजलाई आफ्नो अनुकुल बनाईरहेको हुन्छ। कानूनले नागरिकतालाई समान बनाए पनि समाजमा विभेद अझै कायम नै छ।समाजमा व्याप्त हिंसा, शोषण, दुर्व्यवहार र विभेदको अन्त गर्न दुर्गाथली गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति,२०८० कार्यान्वयनमा रहेको छ। रणनीतिले लिएको उदेश्य, रणनीति र कार्यनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विस्तृत कार्य योजनाको आवश्यकता रहेको छ। यसैगरी, लैङ्गिक समानता, समावेशी र न्यायपूर्ण समाज निर्माण गर्ने दिशामा राज्यले लिएको संकल्पलाई पुरा गरी लैङ्गिक उत्तरदायी शासन पध्दतिलाई स्थानीय तहसम्म संस्थागत गर्न लैङ्गिक सम्वेदनशील व्यवहारको विकास गरी लैङ्गिक मैत्री नीति योजना तथा कार्यक्रम बीच सामन्यजस्यता ल्याउनको लागि यस कार्य योजना आवश्यकता रहेको छ।

## ३. कार्य योजनाको उदेश्य:

- गाउँपालिकाको लैससास नीतिले लिएको लक्ष, उदेश्य, नीति तथा कार्यनीतिलाई प्रभावकारी रूपमा कार्यन्वयन गरी समानता र समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरीकीकरण गर्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रति संघको लिएको प्रतिबध्तालाई कार्यन्वयन गर्ने,

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा
गा.पा.अध्यक्ष

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रति प्रदेशले लिएको प्रतिबध्तालाई कार्यन्वयन गर्ने,
- स्थानीय तहमा लैङ्गिक उत्तरदायी शासन पध्दति कायम गर्न ।

## ४. कार्य योजनाको बिधि र प्रकृया :

**४.१. दस्ताबेज अध्ययन:** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सँग सम्बन्धित संघ तथा स्थानीय सरकारको नीति, रणनीति, रणनीतिक योजना, लैससास परीक्षण प्रतिवेदन, वार्षिक योजना, आवधिक योजना , नीति तथा कार्यक्रम जस्ता दस्ताबेजको अध्ययन गरिएको थियो ।

**४.२. परामर्श बैठक:** कार्य योजना निर्माण गर्नु पूर्व दुर्गाथली गाउँपालिकामा योजनाको बारेमा जानकारी तथा छलफल गरियो। छलफलमा अध्यक्ष, निमित्त प्रमुख प्रशासकिय अधिकृत, शिक्षा शाखा, योजना शाखा प्रमुख, सूचना शाखा, सामाजिक सुरक्षा शाखा, उध्यम विकास शाखा, सहकारी शाखा, लेखापाल, राजस्व प्रशासन, स्वास्थ्य शाखा,महिला तथा बालबालिका शाखा प्रमुख, जेसि सम्पर्क ब्यक्ति र केही विकास साझेदार संघ संस्थाका प्रतिनिधिको उपस्थितिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वनको अवस्थाको बारेमा जानकारी लिई त्यसको आघारमा आगामि ५ वर्षको लागि आवश्यक क्षेत्र र कार्यक्रमको बारेमा छलफल गरिएको थियो ।

**४.३.कार्य योजना निर्माण :** परामर्श बैठक पश्च्यात विस्तृत कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरियो ।

**४.४. प्रमाणीकरण कार्याशाला गोष्ठी:** सामाजिक विकास मन्त्रीको ज्यूको आथित्य, राज्य मन्त्री, सहसचिव, उपसचिव र अन्य कार्यालय तथा योजना आयोगका कर्मचारी र गाउँपालिकाको अध्यक्ष, उपादक्ष तथा प्रमुख प्रशासकिय अधिकृतको उपस्थतिमा विस्तृत कार्य योजनाको प्रारम्भिक मस्यौदाको बारेमा छलफल गरि पृष्ठपोषण तथा योजना कार्यान्वियनको लागि प्रतिबध्दता लिई सोही अनुरूप विस्तृत कार्य योजनालाई अन्तिम रूप दिएको थियो ।

## ५.सरोकारवालाको नस्काङ्कन:

### ५.१. सरोकारवालाको नामावली र मुख्य भुमिका

| मुख्य सरोकारवाला | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको लागि सरोकारवालाको भुमिका |
|---|---|
| लैससास नीति कार्यान्वियन तथा अनुगमन समिति तथा वडा लैससास कार्यान्वियन समिति | • नगरपालिका र वडामा लैससास मूलप्रवाहीकरण गर्ने ।<br>• वार्षिक, आवधिक योजनामा लैससासका योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने र गराउन आवश्यक सहयोग तथा समन्वयन गर्ने ।<br>• लैससास योजना कार्यान्वियन तथा अनुगमन गर्ने ।<br>• सरोकारवाला निकय तथासाझेदार संघ संस्थासंग आबश्यक समन्वयन गर्ने । |
| सामाजिक शाखा तथा महिला बालबालिका शाखा | • लैससास नीति कार्यान्वियन गर्न आवश्यक संयोजन गर्ने ।<br>• वार्षिक नीति तथा कार्यक्रममा लैससासको लागि कार्यक्रम र बजेट विनियोजन गर्नको लागि प्रभाबकारी संयोकन गर्ने ।<br>• विषयगत शाखासंग समन्वयन गर्ने । |
| बिषयगत क्षेत्र तथा समिति | • विषयगत समितिका कार्यक्रम तर्जुमा गर्दा महिला तथा लक्षित वर्गलाई केन्द्रमा राखि कार्यक्रम तर्जुमा गर्ने ।<br>• योजना प्राथमिकीकरण गर्दा महिला तथा लक्षित वर्गको योजना प्राथमिकतामा परेको सुनिश्चित गर्ने । |
| स्थानीय राजस्व परामर्श समिति | • राजस्वका स्रोत, क्षेत्र र दर र त्यसले महिला , पुरुष तथा अन्य लक्षित वर्गमा पार्ने प्रभाव तथा असरको अनुमान गर्ने ।<br>• कर तथा अन्य राजस्वसंग सम्बन्धित नीति तथा कानुनले महिलका तथा लक्षित वर्गमा पार्ने प्रभावको बारेमा विश्लेषण गर्ने । |



दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा
गा.पा.अध्यक्ष

| | |
|---|---|
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | • आन्तरिक तथा बाह्य स्रोत बाट प्राप्त हुने रकमको महिला तथा पुरूषमा पार्ने लैङ्गिक भिन्नता प्रभावको मूल्याङ्कन गर्ने ।<br>• लैङ्गिक मूल्याङ्कनमा आधारित भई विषयगत क्षेत्रको बजेट र कूल बजेट निर्धारण गर्ने ।<br>• बजेट सिमाले महिला तथा अन्य लक्षित वर्गको जीविकोपार्जन ,आवाज सशक्तिकरण र विभेदजन्य नीति तथा सामाजिक अभ्यासहरूमा परिवर्तन गर्न गरेको प्रयासको लागि प्रयाप्त स्रोत समेटेको सुनिश्चित गर्ने । |
| बजेट तथा कार्यक्रम तर्जुमा समिति | • लैङ्गिक खण्डिकृत तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने ।<br>• महिला तथा लक्षित वर्गको जीविकोपार्जन , आवाज सशक्तिकरण तथा बिभेद जन्य नीति,अभ्यास जस्ता मानसिकता निर्मूल गर्ने कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्ने । |
| वडा समिति | • वडा तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि खण्डिकृत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने ।<br>• वस्तिस्तरको योजना छनौट प्रकृयामा महिला तथा अन्य लक्षित वर्गको सहभागिताको सुनिश्चित गर्ने ।<br>• योजना तर्जुमा प्रकृयामा सामुदायिक संघ,संस्था, नागरिक समाज जस्ता समितिलाई सहभागि गराउने ।<br>• योजना तर्जुमा गर्दा महिला तथा अन्य लक्षित वर्गको व्यवहारीक तथा रणनीतिक आवश्यकता पुरा हुने योजना तर्जुमा गर्ने, कार्यन्वयन गर्ने र योजनाले पारेको प्रभावको बारेमा अध्ययन गर्ने । |
| टोल विकास संस्था | • टोलमा संचालन हुने विकास निर्माणका योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने ।<br>• टोलामा बसोबास गर्ने गरिव, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिको तथ्याङ्क सङकलन गर्न सहयोग गर्ने ।<br>• टोलमा गठन हुने समितिहरूमा महिलालाई निर्णायक भूमिकामा नियुक्ति गर्न सहयोग गर्ने ।<br>• टोलमा लैससासका कार्यक्रम कार्यान्वयन गर्ने सहयोग गर्ने । |
| जिल्ला प्रहरी कार्यालय | • लैङ्गिक हिंसा तथा दुर्व्यवहारबाट पीडितकोम उद्दार मनोविमर्श आवासीय अस्थायी संरक्षण तथा पुर्नस्थापना तथा सुरक्षा र दोषि उपर कारवाही गर्ने । |
| न्यायीक समिति | • नगरपालिका तहमा आएका अधिकार भित्रका सवालमा निर्णय गर्ने ।<br>• सबै वडा तहमा मेलमिलाप केन्द्र स्थापना गर्ने । |
| लैससासको क्षेत्रमा कार्यरत संघ संस्था | • नगरपालिकाको लैससास नीति, विस्तृत कार्य योजना र वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सहयोग गर्ने ।<br>• नगरपालिकालाई लैससास मूलप्रवाहीकरण गर्न आवश्यक सहयोग गर्ने।<br>• नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीलाई लैससासमा क्षमता अभिवृध्दि गर्ने सहयोग गर्ने ।<br>• नगरपालिकाको भौतिक तथा सामाजिक संरचनालाई लैसससा मैत्रि बनाउन सहयोग गर्ने । |
| नागरिक समाज | • महिला तथा लक्षित वर्गका लागि सामाजिक परिचालन क्रियाकलापमा सहयोग गर्ने । |



दिल बहादुर थापा
गा.पा.अध्यक्ष

| | |
|---|---|
| | • सामाजिक विभेद तथा कुरिति बिरुद्ध अभियान संचालन गर्ने , जनचेतना बढाउने कार्य संचालन गर्ने। |
| एकद्धार संकट व्यवस्थापन केन्द्र | • हिंसा पिडित व्यक्तिलाई स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श सेवा, सुरक्षा, कानुनी सेवा उपलब्ध गराउने ।<br>• हिंसा पिडित व्यक्तिलाई समाज र परिवारमा पुनर्स्थापना गराउन सहयोग गर्ने।<br>• हिंसा पिडित व्यक्तिको आर्थिक विकासको लागि सम्बन्धित निकायसंग समन्वय गर्ने। |
| वडा स्तरिय मेलमिलाप केन्द्र | • वडा स्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने मुद्धालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारिस गर्ने। |
| विपद व्यवस्थापन समिति | • विपद व्यवस्थापन समितिलाई समावेशी बनाउने।<br>• विपदसंग सम्बन्धित बिभिन्न नीति, कार्यबिधि, मापदण्डलाई लैससास मैत्री बनाउने।<br>• विपद व्यवस्थापन पूर्व तयारी , प्रतिकार्य योजना लैससास उत्तरदायी बनाउने । |
| रोजगार केन्द्र | • रोजगार केन्द्रले बेरोजगारको तथा श्रमीकको तथ्याङ्क संकलन गर्दा खण्डिकृत रूपमा संकलन गर्ने।<br>• महिला, अपाङ्गता भएका व्यक्ति श्रमिकको हकमा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने।<br>• रोजगारीले महिला तथा लक्षित वर्गमा पारेको प्रभाबको बारेमा असरको बारेमा अध्ययन गर्ने।<br>• सामाजिक सुरक्षमा महिला तथा लक्षित वर्गलाई समावेश गराउन सहयोग गर्ने। |

**५.२. लैससासको क्षेत्रमा कार्यरत संघ संस्था :**




दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल



दिल बहादुर थापा
गा.पा.अध्यक्ष

## ६. स्थानिय सरकारको बजेट बिनियोजनको अवस्था:

### ६. १. आ.ब. २०८०/ ८१ को बजेट मध्ये महिला तथा बालबालिका शाखा र लैससासको लागि विनियोजित गरिएको बजेट:

| आ. ब. | जम्मा रकम रू | महिला तथा बालबालिका शाखा | | लैससास | |
|---|---|---|---|---|---|
| | | रकम रू | प्रतिशत | रकम रू | प्रतिशत |
| २०८० /८१ | ३६,४५,७९,११८।०० | ५,००,०००।०० | ०.१३% | ८,५०,०००।०० | ०.३७% |

### ६. २. आ.ब. २०८०/ ८१मा वडाले महिला तथा लक्षित वर्गको लागि विनियोजित रकम तथा प्रतिशत:

| वडा नम्बर | वडाको जम्मा बजेट | कार्यक्रम | लैससासको लागि बिनियोजित रकम | लैससासको लागि विनियोजित जम्मा रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २० लाख | ------------- | ० | ० | ० |
| २ | २१ लाख ५० हजार | ------------ | ० | ० | ० |
| ३ | १९ लाख ९० हजार | ------------ | ० | ० | ० |
| ४ | २० लाख | विपन्न आवास कार्यक्रम | १ लाख | १ लाख | ५ % |
| ५ | २० लाख | ------------- | ० | ० | ० |
| ६ | २० लाख | ------------ | ० | ० | ० |
| ७ | २० लाख | ----------- | ० | ० | ० |

## ७. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० को विस्तृत कार्य योजना :

| क्र. स. | स्थानीय कार्यक्रम/क्रियाकलाप | लक्षित वर्ग | जिम्मावारी | साझेदार संस्था | | समय सिमा | बजेट | प्रगति सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय /प्रादेशिक /स्थानिय सरकार | विकास साझेदार तथा सरोकारवाला | (आ.व. ०८१/०८२-२०८६/८७) वर्ष: १-५ | | |
| लैससास नितिको उदेश्य १: यस दुर्गाथली गाउँपालिकामा पछाडी पारिएका वर्ग तथा सिमान्तकृत वर्ग ( महिला, दलित, जनजाति, अल्पसंख्यक) तथा समुदायको क्षमता अभिबृध्दि गरि सशक्तीकरणको माध्यमबाट सम्पत्तिको अधिकारमा समान पहुँच र नियन्त्रणमा सुनिश्चित गर्ने। | | | | | | | | |
| १ | समाजमा व्याप्त विभेद, कुरुति र अन्धविश्वास न्यूनीकरण गर्नको लागि लागि किशोर किशोरीहरूको | किशोर ,किशोरी | वडा कार्यालय | -------- | ------- | १-निरन्तर | आन्तरिक | क्षमता विकास |

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा
गा.पा.अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सशक्तिकरणका लागि रुपान्तरण कक्षा, संजाल निर्माण र क्षमता अभिबृद्धि गरि परिचालित गर्ने र उनिहरू मार्फत अभियान संचालन गर्ने।संचालन गर्ने। | | | | | | | |
| २ | महिला, दलित, बालबालिका आपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य लक्षित वर्गकोलागि नेतृत्व विकासका लागि तालिम, गोष्ठी तथा भ्रमण कार्यक्रम संचालन गर्ने। | महिला, दलित, आपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य लक्षित वर्ग | गाउँपालिका | -------- | ------- | १-निरन्तर | बाह्य | क्षमता विकास |
| ३ | समान कामको लागि समान ज्यालाको सुनिश्चितताको लागि निर्माण कार्य गर्ने गराउने (ठेकदार, उपभोक्ता समिति आदि )सबैलाई अभिमूखीकरण गरी जानकारी गराउने र पालना नगरेमा जरिवानाको व्यवस्था गर्ने। | ठेकदार, उपभोक्ता समिति | गाउँपालिका | --------- | टोल विकास संस्था | २- निरन्तर | आन्तरिक | काममा हुने विभेदको अन्त |
| ४ | संचार माध्यमबाट नियमित रूपमा समानता, मर्यादित व्यवहारसंग संबन्धित कार्यक्रम संचालन गर्न लगाउने साथै संचार माध्यमले प्रसार गर्ने भाषा शब्द महिला तथा किशोरी मैत्री बनाउनको लागि सहजिकरण गर्ने। | स्थानिय संचार माध्यम | गाउँपालिका | सञ्चार तथा सुचना प्रविधि मंत्रालय | स्थानीय संचार माध्यम | २- निरन्तर | आन्तरिक | मर्यादित व्यवहार र जनचेतना वृद्दि |
| ५ | छाउपडि मुक्त वडा धोषणा गर्नको लागि सवै सरोकारवालासंग बैठक राख्ने, सयुक्त रुपमा जनचेतना बढाउने कार्यक्रम संचालन गर्ने र छाउगोठमा बस्ने वा बस्न बाध्य पार्नेलाई दण्ड र छाउ गोठमा नबस्नेलाई पुरस्कारको धोषणा जस्ता कार्यक्रम गरी अन्तमा छाउपडि मुक्त वडा धोषणा गर्ने । | महिला | वडा कार्यालय | --------- | लैससास समिति | २- निरन्तर | आन्तरिक | मर्यादित महिनावारी |

गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा
गा.पा. अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | एकल महिलामा बालबालिकामा हुने विभेद, महिला हिंसा , छाउपडि प्रथा छुवाछुत, बाल बिवाह, बालश्रम जस्ता बिषयमा बहस, पैरवी तथा जनचेतना बढाउने कार्यक्रम सँचालन गर्ने र यस्ता कार्य गर्ने लाई जरिवानाको व्यवस्था गर्ने । | एकल महिला, एकल पुरूष, ब बालबालिका, हिंसा पिडित व्यक्ति | वडा कार्यालय | -------- | लैससास समिति | २- निरन्तर | आन्तरिक | जनचेतना वृद्धि |
| ७ | लैङ्गिकताको आधारमा हुने हिंसा र भेदभाव न्यूनीकरणको लागि गर्न " किशोर तथा पुरूषको अर्थपूर्ण सहभागिता " ( Men Engagment) र अन्तर पुस्ता संवाद जस्ता कार्यक्रम संचालन गर्ने । | किशोर तथा पुरूष | वडा कार्यालय | महिला बालबालिका तथा जेष्ठनागरिक मंत्रालय | शसक्त महिला संवृद्ध नेपला | २- निरन्तर | बाह्य | पुरूष वर्ग विषय प्रति संवेदनशील |
| ८ | उपभोक्ता समिति , टोल सुधार संस्था, विभिन्न संजाल र समितिमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिलाई अध्यक्ष वा संयोजक बनाउने । | उपभोक्ता समिति , टोल सुधार संस्था, विभिन्न संजाल र समिति | गाउँपालिका | ------- | -------- | १- निरन्तर | आन्तरिक | निर्णय गर्ने स्थानमा पहुँच |
| ९ | गाउँपालिका भित्रका हरेक समिति , उप-समितिमा र कार्यदलमा महिलाको कम्तिमा ३३ प्रतिशत र समावेशी बनाउनको लागि समिति उप- समितिलाई पूनर्गठन वा परिमार्जन गर्ने । उक्त समिति र उप-समितिहरुको क्षमता अभिवृद्धि गर्ने । | समिति , उप-समितिमा र कार्यदल | गाउँपालिका | ------- | -------- | १- निरन्तर | आन्तरिक | समावेशी समिति |
| १० | महिला, अपाङ्गता भएका ब्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित उध्यमीद्वारा उत्पादित वस्तुको संकलन, भण्डारण तथा विक्रि वितरण गर्नको लागि बिक्रि केन्द्रको स्थापना गर्ने । | उध्योगि महिला तथा लक्षित वर्गका ब्यक्ति | गाउँपालिका | ------ | कृषि शाखा | २- निरन्तर | बाह्य | उत्पादित वस्तुको बजारीकरण |
| ११ | महिला, अपाङ्गता भएका ब्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलितसमुदाय लाई व्यापार-व्यवसाय एवं उद्योग संचालन दर्ता गर्न आवश्यक | उध्योगि महिला तथा लक्षित वर्गका ब्यक्ति | गाउँपालिका | श्रम तथा रोजगार कार्यालय-धनगढी | रोजगार सेवा केन्द्र | २- निरन्तर | आन्तरिक | लैससास मैत्री सेवा सुविधा |



दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा गा.पा. अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जानकारी तथा सूचना प्रदान गर्ने एवं अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिने । | | | | | | | |
| १२ | महिला उद्यमशीलताको बिषयमा जानकारी र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन " महिला उद्यमशीलता सहजीकरण केन्द्र " स्थापना गरी सञ्चालन गर्ने । | उध्योगि महिला | गाउँपालिका | श्रम तथा रोजगार कार्यालय-धनगढी | स्थानीय उद्यमी | २- निरन्तर | बाह्य आन्तरिक | सहजीकरण केन्द्र स्थापना |
| १३ | महिला, अपाङ्गता भएका ब्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको नाममा धनसम्पत्ति, उध्योग, व्यवसाय कल ,कारखाना दर्ता गर्दा लाग्ने दर्ता शुल्क, ऋण, बीमामा छुट ,सुबिधा तथा सहुलियत दिने तथा प्रकृया सरलिकृत गर्ने । | महिला तथा अन्य लक्षित वर्ग | गाउँपालिका | ---------- | ---------- | १- निरन्तर | आन्तरिक | लक्षित वर्गको सरल पहुँच |
| १४ | महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिले उत्पादन गरेका सामाग्रि बिक्री वितरणको लागि समय समयमा औधोगिक मेलाको आयोजना गर्ने । | महिला तथा लक्षित व्रका श्रमिक | वडा कार्यालय | उध्योग, पर्यटन वन तथा वातावरण मंत्रालय-शुदूरपश्चिम | स्थानीय व्यपारी | २- निरन्तर | आन्तरिक | उत्पादित वस्तुको बजारीकरण |
| १५ | दक्ष जनशक्तिको विकास गर्दा महिला, अपांङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गरिव, दलितहरूको क्षमता अभिबृध्दि गरी समावेस गर्ने। | महिला, अपांङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गरिव, दलित | गाउँपालिका | श्रम तथा रोजगार कार्यालय-धनगढी | -------- | २- निरन्तर | बाह्य | लक्षित वर्गको क्षमता विकास |
| १६ | महिला तथा लक्षित वर्गको सशक्तिकरणका लागि आर्थिक, प्राविधिक र व्यवसायिक सहयोग गर्ने संघ संस्थासंग समन्वयन र सहकार्य गर्ने । | महिला तथा लक्षित वर्ग | गाउँपालिका | प्राविधिक शिक्षा तथा व्यवसायिक केन्द्र (CTVT) | श्रम तथा रोजगार कार्यालय-धनगढी | २- निरन्तर | आन्तरिक | आर्थिक सशक्तीकरण |

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा
गा.पा.अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित खोज, उद्धार तथा प्रतिकार्यमा महिलाहरुलाई सहभागि गराउने । | महिला | वडा कार्यालय | स्थानिय विपद् व्यवस्थापन- प्रदेश | स्थानिय विपद् व्यवस्थापन समिति | २- निरन्तर | आन्तरिक | समावेशि खोज तथा उद्धार समुह |
| १८ | सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजनामा महिला केन्द्रित लगानीलाई बिशेष सहुलियत साथ समावेश गर्ने । | महिला तथा लक्षित वर्ग | गाउँपालिका | आर्थिक मामिला तथा योजना मन्त्रालय | योजना शाखा | २ निरन्तर | आन्तरिक | महिला केन्द्रित लगानी वृद्धि |
| १९ | व्यावासयाजन्य सुरक्ष्या र स्वास्थ, समान काम को लागि समान ज्याला र गैर भेदभाव कार्यस्थलमा हिंसा र दुर्व्यवहारको रोकथाम र श्रम बिबाध समाधान जस्ता महिला श्रमिकका हकका बिषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने | महिला तथा लक्षित वर्गको | गाउँपालिका | श्रम तथा रोजगार मंत्रालय | रोजगार सेवा केन्द्र | ३ निरन्तर | बाह्य | क्षमता विकास |
| २० | व्यावसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उदह्य सम्बन्धित कार्यक्रम सञ्चालन गरी महिलाको आर्थिक क्रियाकलापमा वृद्धि गर्ने । | महिला तथा लक्षित वर्ग | गाउँपालिका | श्रम तथा रोजगार मंत्रालय | रोजगार सेवा केन्द्र | २ -निरन्तर | आन्तरिक | आर्थिक सशक्तीकरण |
| **लैससास नितिको उदेश्य २: लैससासको अवधारणालाई संस्थागत गर्न दुर्गाथलीगाँउपालिकामा स्पष्ट नीति, कार्यक्रम तथा बजेटको सुनिश्चता गर्ने ।** | | | | | | | | |
| १ | गाऊँपालिकाको विध्यमान ऐन, कानून नीति मापदण्ड तथा कार्यबविधीहरूलाई लैससास दृष्टिकोणबाट पुनरावलोकन गर्ने । | महिला तथा लक्षित वर्ग | गाउँपालिका | --------- | विधान समिति /कानुन शाखा | १ | आन्तरिक | परिमार्जित दस्तावेज |
| २ | लैससास रणनीति २०८० लाई पुनरावलोकन गरी सबै जनप्रतिनिधि तथा कर्मचारीलाई रणनीतिको बरेमा अभिमुखीकरण गर्ने । | जनप्रतिनिधि तथा कर्मचारी | गाउँपालिका | --------- | लैससास समिति/महिला तथा बालबालिका शाखा | १ | आन्तरिक | नीतिको बारेमा जानकारीभई कार्यान्वयनमा आउने |
| ३ | टोलविकास संस्था,बाल अधिकार समिति, आमा समुह , अपाङ्ग समूह, लैङ्गिक तथा यौनिक समूह जस्ता संरचनाको गठन गरी उक्त | समिति समूहका सदस्य | वडा कार्यालय | --------- | लैससासमा कार्यरत संस्था | १- निरन्तर | आन्तरिक | आवश्यकता संबोधन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | समिति र उप-समितिहरुको क्षमता अभिवृद्धि गर्ने योजना छनौटको क्रममा लक्षित वर्गको सहभागिता तथा उनीहरूको लागि आवश्यकता संवोधन हुने योजना तर्जुमा गर्ने । | | | | | | | | |
| ४ | महिला, बालबालिका, अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसङख्यक, अन्य लक्षित वर्गको लागि बजेटको निश्चित प्रतिशत गाउँसभाले तोक्ने । | महिला तथा लक्षित वर्ग | गाउँपालिका | ------- | ------- | १- निरन्तर | बाह्य | नियमित रूपमा बजेट को उपलब्धता | |
| ५ | गाउँपालिका, वडा र समुदायका बालमैत्री स्थानीय शासन समितिलाई बालमैत्री स्थानीय शासनको बारेमा अभिमूखीकरण गर्ने । | बालमैत्री स्थानीय शासन समिति | वडा कार्यालय | ------- | -------- | २- निरन्तर | आन्तरिक | क्षमता विकास | |
| ६ | विपद् व्यवस्थापनको पूर्वतयारी योजना तथा प्रतिकार्य योजना लैससासको दृष्टिकोणबाट निर्माण वा पुनरावलोकन गर्ने। | महिला तथा लक्षित वर्ग | गाउँपालिका | विपद् व्यवस्थाप समिति- प्रदेश | स्थानीय विपद् व्यवस्थाप समिति | १- निरन्तर | बाह्य | लैससास मैत्री योजना निर्माण | |
| ७ | लैससास समावेशी विपद् जोखिम न्यूनीकरण नीतिसग सम्बन्धित कानुन तथा योजना/कार्यक्रम निर्माण गर्ने। | विपद् प्रभावित महिला तथा लक्षित वर्ग। | गाउँपालिका | विपद् व्यवस्थाप समिति- प्रदेश | स्थानीय विपद् व्यवस्थाप समिति | २ | बाह्य | लैससास मैत्री वि. व्य. कानुनी दस्तावेज | |
| ८ | बिध्यालयहरूमा किशोरीका लागि आत्मरक्षा तालिम संचालनन गर्ने । | किशोरी | वडा कार्यालय | शिक्षा कार्यालय | शिक्षा शाखा | २- निरन्तर | बाह्य | किशोरीमा आत्मरक्षा वृद्धि | |
| ९ | महिला, दलित, आपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य लक्षित वर्गको प्राबिधिक सीप बृद्धि गर्ने बिभिन्न प्राविधिक विषयमा तालिम दिने जस्तै मोवाई, टिभि मर्मत, डेरी उत्पादन र प्रशोधन, खाध्य प्रशोघन र व्यवसायिक,मोटरसाईकल मर्मत आदि | महिला, दलित, आपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य लक्षित वर्ग | गाउँपालिका | प्राविधिक शिक्षा तथा व्यवसायिक केन्द्र (CTVT) | -------- | २- निरन्तर | बाह्य | सीप विकास | |
| १० | घरेलु भूमिकामा पुरूको सहभागिता बढाउनको लागि र समान अभिभावकीय भूमिका निर्वाह गर्न सचेतनामूलक कार्यक्रम जस्तै सडक नाटक, पोस्टर पाम्प्लेट, रेडियो कार्यक्रम, माईकिङ्ग, घरदैलो | महिला ,पुरूष | गाउँपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक मंत्रालय | सशक्त महिला संवृद्ध नेपाल | २ - निरन्तर | बाह्य | घरेलु भूमिकामा पुरूषको सहभागितामा बृद्धि | |

दुर्गाथली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चौधारी,बाजुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

दिल बहादुर थापा
गा.पा.अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम जस्ता कार्यक्रम संचालन गर्ने । | | | | | | | |
| ११ | पालिकाको स्याहार प्रोफाइल सिर्जना गर्नको लागि स्याहार आवश्यकताहरू, सेवाहरू र नीतिहरूको म्यापिङ गर्ने | व्यक्ति तथा समूदाय | गाउँपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक मंत्रालय | सशक्त महिला संवृद्ध नेपाल | २ | बाह्य | स्याहार प्रोफाइल निर्माण |
| १२ | बेतलबी स्याहार र घरेलु काम पहिचान गर्ने, कम गर्ने र पुनः वितरण गर्ने सामुदायिक स्तरमा स्याहार अर्थतन्त्रमा चेतना जगाउन जनचेतना मूलक कार्यक्रम ल्याउने जस्तै स्याहार र सहयोगको अन्तर्राष्ट्रिय दिवस मनाउने, घर दैलो कार्यक्रम । | व्यक्ति तथा समूदाय | गाउँपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक मंत्रालय | सशक्त महिला संवृद्ध नेपाल | २ | बाह्य | स्याहार अर्थतन्त्रमा वृद्धि |
| १३ | महिला श्रम सहभागितामा वृद्धिलाई प्रोत्साहन गर्ने स्याहार सेवा मोडेलहरू लागू गर्ने सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गर्ने । | श्रमिक महिला | गाउँपालिका | श्रम तथा रोजगार मंत्रालय | सशक्त महिला संवृद्ध नेपाल | ३ | बाह्य | महिला श्रम सहभागितामा वृद्धि |
| १४ | स्याहार श्रमिकको मर्यादित कामको सवालमा अन्तरक्रिया कार्यक्रम गर्ने । | श्रमिक महिला | गाउँपालिका | श्रम तथा रोजगार मंत्रालय | सशक्त महिला संवृद्ध नेपाल | २ | बाह्य | स्याहार श्रमिकको कामप्रति मर्यादामा वृद्धि |
| १५ | समूदायमा गठन हुने बालक्लब, महिलाका समूह, सहकारी, किशोरकिशोरी समुहलाई समानता र सामेशीकरण सम्बन्धिमा अभिमूखीकरण गर्ने। | बालक्लब, महिलाका समूह, सहकारी, किशोर किशोरी | गाउँपालिका | -------- | --------- | २ - निरन्तर | बाह्य | जनचेतनाको विकास |
| १६ | महिलालाई औपचारीक क्षेत्रमा औपचारीक रोजगारी उन्मुख गराउनको लागि घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाउन , प्रविधिको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने। | महिला ,पुरूष | गाउँपालिका | श्रम तथा रोजगार मंत्रालय | रोजगार शाखा | ३ | बाह्य | औपचारिक क्षेत्रमा महिलाको रोजगारी वृद्धि |
| १७ | पारिवारिक काममा पुरूषको भूमिका बढाउन प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने। | प्रत्येक परिवार | गाउँपालिका | --------- | सशक्त महिला संवृद्ध नेपाल | २- निरन्तर | बाह्य | पारिवारिक काममा पुरूषको सहभागिता |

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

दिल बहादुर थापा
गा.पा.अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
